नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना तथा व्यवस्थापन शाखा)

सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०८०/८१ मिति : २०८१।०३।२४

च.नं. : ९९

**विषयः IEMIS अद्यावधिक भएका विद्यालयहरुको विवरण बारे ।**

**श्री स्थानीय तह**
**सबै ।**

प्रस्तुत विषयमा यस केन्द्रको च.नं.८१ मिति २०८१।०२।०६ पत्रबाट सबै विद्यालयहरुलाई शैक्षिक सत्र २०८१ को विवरण, एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) मा २०८१ आषाढ १५ गतेभित्र अद्यावधिक गर्न अनुरोध गरिएकोमा हालसम्म शैक्षिक सत्र २०८१ को विवरण अद्यावधिक गर्ने विद्यालयहरुको सूचि यसै सूचनामार्फत सार्वजनिक गरिएको छ ।हालसम्म विवरण अद्यावधिक नगर्ने, अद्यावधिक गरेपनि पूर्ण विवरण अद्यावधिक नगर्ने र IEMIS Code लिई अद्यावधिक गर्न छुट भएका विद्यालयहरुलाई मिति २०८१ श्रावण ७ गतेभित्र अद्यावधिक गर्न लगाउनु हुन र सो मिति भित्र विवरण अद्यावधिक नगर्ने विद्यालयहरुको सूचि IEMIS बाट हटाउन सकिने व्यहोरा समेत सूचित गरिदिनु हुन अनुरोध छ ।

पूर्व निर्धारित समय भित्र विवरण अद्यावधिक गर्दा केही समस्याहरु आएको भनि विद्यालय एवम् स्थानीय तहबाट जानकारी प्राप्त भएको सन्दर्भमा देहाय अनुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

१. एउटा विद्यालयबाट अर्को विद्यालयमा स्थानान्तरण भएका विद्यार्थीहरुलाई सम्बन्धित विद्यालयले IEMIS मार्फत विद्यार्थी स्थानान्तरण (Transfer) गर्नुपर्नेमा कतिपय विद्यालयहरुले सो नगरेको गुनासो प्राप्त भएकाले Transfer गर्न बाँकी विद्यालयहरुले २०८१ आषाढ मसान्तभित्र अनिवार्य रुपमा Transfer गरिसक्ने । सो समयावधिसम्म पनि विद्यार्थी स्थानान्तरण नगर्ने विद्यालयहरुलाई स्थानीय तहबाट कारवाही गरी हाल विद्यार्थी भर्ना भएको विद्यालयबाट विवरण लिइ स्थानीयले नै स्थानान्तरण गरिदिनु हुन ।

२. वैकल्पिक शिक्षा प्रणालीबाट भर्ना हुन आएका, बिचमा विद्यालय छोडी भर्ना हुन आएका, विगत बर्षमा IEMIS मा विवरण अभिलेखित (Record) नभएका, खुला र अनौपचारिक प्रौढ विद्यालयमा भर्ना हुन आएका विद्यार्थी, विदेशी नागरिकका बालबालिका, अर्को विद्यालयबाट एक कक्षा भन्दा माथिल्लो कक्षामा भर्ना हुन आएका विद्यार्थीहरुको विवरण विद्यालयबाट लिइ IEMIS को Student Record Button (Student Information) मा रहेको Add मा गइ सम्बन्धित कक्षामा विद्यार्थी Add गर्ने कार्यमा सहजीकरण गरिदिनु हुन ।

३. कक्षा ८ को नतिजा प्रविष्टि गर्न बाँकी भए सो अनिवार्य रुपमा प्रविष्टि गर्न लगाउनु हुन ।

४. शिक्षक, कर्मचारी, भौतिक पक्ष लगायतका विषयमा विवरण अद्यावधिक गर्न बाँकी भए सो समेत अद्यावधिक गर्न लगाउन हुन,

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाइ
(सबै): आवश्यक समन्वय एवम् सहजीकरण गर्नु गराउनु हुन ।

रामचन्द्र शर्मा
निर्देशक